**हेटौंडा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**आर्थिक विकास (कृषि विकास) शाखा**

# फलफुल तथा तरकारी प्रबर्द्धन कार्यक्रम सम्बन्धि सूचना

**(पहिलो पटक सूचना प्रकाशित मिति : २०७९/१०/१९ गते)**

वागमती प्रदेशको आ.ब. २०७९/८० को वार्षिक स्वीकृत सशर्त कार्यक्रम अर्न्तगत (शीर्षक नं. ७५, र पेज ४४) हेटौडा उपमहानगरपालिका वडा नं. १३ क्षेत्र भित्रका कृषक समूहहरु, कृषि सहकारी संस्थाहरुको लागि फलफुल तथा तरकारी प्रबर्द्धन कार्यक्रम संचालन गर्न अनुदान उपलब्ध गराउने भएकोले तपसिलको शर्तहरुको अधिनमा रहि पहिलो पटक सूचना प्रकाशनको मितिले १५ दिन भित्र हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सरोकारवालाहरुको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरुः</u>**

१. प्रस्ताव सहितको निवेदन फलफुल तथा तरकारी कार्यक्रमको लागि मात्र हुनु पर्ने छ ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

क) कृषक समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण सहित)।

ख) संस्थाको प्यान दर्ता प्रमाणपत्र को प्रतिलिपी र अडिट रिपोर्ट ।

ग) फलफुल तथा तरकारी खेती कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।

घ) सम्वन्धित वडा कार्यालयको सिफरीस पत्र ।

४. अनुदान कार्यक्रममा छनौट भएमा प्रस्ताव गरिएकै क्षेत्र भित्र कार्यकम संचालन गर्नुपर्ने छ ।

५. अनुदान कार्यक्रममा छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित समूह /सहकारी संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

६. अनुदान कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।

७ रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

८. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।

**हेटौंडा उपमहानगरपालिका,**

**नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**

**सम्पर्क मो. ९८५५०६८३९३ , ९८४५५१३३०२ , ९८४५६२२४४४**

**हेटौंडा उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**आर्थिक विकास (कृषि विकास) शाखा**

**साना सिंचाई निर्माण मर्मत सम्बन्धि सूचना**

**(पहिलो पटक सूचना प्रकाशित मिति : २०७७/०६/१५ गते)**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.ब. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम (कृषी सिचाइ सि नं. ३६, उपक्षेत्र जलश्रोत तथा सिचाइ सि नं. ३) अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका कृषक समूहहरु, कृषि सहकारी संस्थाहरु (जल उपभोक्ता संस्थाहरु) ले २०७७ कार्तिक १९ गते कार्यालय समय भित्र हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन प्रस्ताव दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. निवेदन फाराम रु १००।- (फिर्ता नहुने गरी) तिरी हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा बाट नगद वा भौचर दाखिला गरी प्राप्त गर्न सकिने छ ।

२. सिंचाई निर्माण मर्मत सामुहिक योजना ( कृषक समुहहरु, सहकारी संस्थाहरु, तथा जल उपभोक्ता संस्थाको लागि मात्र हुनु पर्नेछ । प्लाष्टिक पोखरी निर्माण योजना व्यक्तिगत कृषक तथा कृषक समुहहरु, सहकारी संस्थाहरु तथा जल उपभोक्ता संस्थाहरुले समेत संचालन गर्नको लागि निवेदन दर्ता गर्न सकिनेछ ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

## सिंचाई निर्माण / मर्मतको लागि

क) कृषक समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण अवधि ननाघेको हुनुपर्ने)।

ख) सिंचाई योजना विस्तृत विवरण (प्रस्तावना) ।

ग) योजना संचालन सम्वन्धि समुह सहकारी संस्थाको बैठकको निर्णयको प्रतिलिपि ।

घ) संस्था को प्यान दर्ता प्रमाणपत्र को प्रतिलिपी र अडिट रिपोर्ट ।

ङ) सम्पुर्ण उपभोत्ता सदस्यहरुको नागरीकता प्रमाण पत्रको प्रतिलिपी ।

च) वडा कार्यालयको सिफरीस पत्र ।

**हेटौंडा उपमहानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**
**सम्पर्क मो. ९८५५०६८३९३ , ९८४५५१३३०२ , ९८४५६२२४४४**